दक्षिणकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं, ३ नं प्रदेश, नेपाल

# हार्दिक अपिल

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरस (कोभिड - १९) पछिल्लो समय काठमाडौं उपत्यकामा पनि तीव्र रुपमा बढिरहेको अवस्थामा कोरोना रोगको रोकथाम, नियन्त्रण र उपचारका लागी यस दक्षिणकाली नगरपालिकाले शुरु देखी नै उल्लेखनीय भुमिका खेलेको विदितै छ । पछिल्ला दिनहरुमा यस नगरपालिका क्षेत्र भित्र कोरोना भाईरसको संक्रमण देखा परेको अवस्था छ । कोरोना भाईरसको महामारी समुदायस्तरमा फैलिन सक्ने सम्भावना भएकोले आफू पनि बच्ने र अरुलाई पनि बचाउनका लागी यस विषम परिस्थितिमा महामारीको रुपमा फैलिएको कोरोना संक्रमणलाई नियन्त्रण गर्दै आम नागरबासीलाई संक्रमणमुक्त बनाउनु हाम्रो प्रमुख कर्तव्य रहेको छ । कोरोना संक्रमणलाई प्रभावकारी व्यवस्थापनको लागि परिक्षण, कन्ट्याक्ट ट्रेसिङ्ग र उपचार विधिलाई प्रभावकारी बनाउन बाध्यात्मक अवस्थामा पुनः लकडाउनमै जानुपर्ने आवश्यकतालाई महशुस गर्दै यस दक्षिणकाली नगरपालिकाको नोभल कोरोना रोग रोकथाम तथा नियन्त्रण नगरपालिका स्तरिय समन्वय समितिको मिति २०७७/४/३० को निर्णयानुसार मिति २०७७/४/३१ गते देखी २०७७/५/८ गते सम्मका लागी लकडाउन भएको व्यहोरा सुचना मार्फत् जानकारी भईसकेको हुदाँ यस नगरपालिकावाट अत्यावश्यक सेवा मात्र प्रदान हुने व्यहोरा जानकारी गराउदै यस लकडाउन अवधिभर सम्पूर्ण नगरबासीहरु अति आवश्यक काममा बाहेक अन्य समय घरमै बसी उच्च मनोबलका साथ सुरक्षा सावधानी अपनाई रहनु हुनको लागी आम नगरबासीहरुमा हार्दिक अपिल गर्दै देहाय बमोजिमका क्रियाकलापहरु गर्नु गराउनु हुन अनुरोध गर्दछु, धन्यवाद ।

<u>लकडाउन अवधिमा सञ्चालन गर्न पाईने क्रियाकलापहरुः-</u>

- दमकल, एम्बुलेन्स, औषधि पसल, स्वास्थ्य संस्था, स्वास्थ्यकर्मी, सञ्चारकर्मी, ईन्धनका ट्याङ्कर, पशुपंक्षीका दाना ढुवानी गर्ने साधन, अत्यावश्यक काममा खटिने कर्मचारी, अन्य अनुमति लिएका सवारी साधन, पेट्रोल पम्प र अति आवश्यक कार्यमा प्रयोग हुने दुई पाङ्ग्रे सवारी साधन ।
- दुध डेरी, फलफुल, तरकारी, पानी, खाद्यान्न पसल, ग्यास डिपो तथा अन्य अत्यावश्यक सेवा प्रवाह गर्ने व्यवसाय (भौतिक दुरी कायम गरी बिहान ९:०० बजे सम्म मात्र व्यवसाय सञ्चालन गर्ने) ।

<u>लकडाउन अवधिमा सञ्चालन गर्न नपाईने क्रियाकलापहरुः-</u>

- शैक्षिक संघसंस्था, बैक तथा सहकारी संस्था
- सबै प्रकारका सभा, गोष्ठि, तालिम, सेमिनार
- सबै प्रकारका प्रदर्शन, भेला, सम्मेलन, पार्टि प्यालेस, होटल रेष्टुरेन्ट तथा मनोरञ्जन स्थल, पुस्तकालय, स्विमिङ पुल, जिमखाना, धार्मिक क्रियाकलाप, सवारी अनुमती विनाका सवै प्रकारका सवारी साधन, उद्योग, कलकारखाना, अन्य सवै प्रकारका पसलहरु
- जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट निषेधित गरिएका गतिविधिहरु ।

मिति २०७७ साल साउन ३१ गते ।

..............................
(मोहन बस्नेत)
नगर प्रमुख